# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ६ (संख्या ३) फाल्गुन २५ गते २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## नगर शिक्षा ऐन (पहिलो संशोधन), २०८०

नगरसभाबाट स्वीकृत मिति :२०८०/११/१६

**प्रस्तावना :**

**चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ (यस पछि मुल ऐन भनिएको) मा आवश्यक संशोधन गर्न बाञ्छनीय भएकोले,**

**चामुण्डाविन्द्रासैनी नगरपालिकाको मिति २०८० साला फाल्गुण १६ गतेको चौधौं नगरसभो बैठकले नगर शिक्षा ऐन (पहिलो संशोधन), २०८० बनाएको छ ।**

**१. संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र :** (१) यस ऐनको नाम नगर शिक्षा ऐन (पहिलो संशोधन), २०८०" रहेको छ ।

(२) यो संशोधित ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।


(३) यो ऐन चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

**"२. मुल ऐनको दफा १० (१) को खण्ड (ङ) मा यस अघि भएको "कार्यपालिका सदस्यहरु मध्येवाट महिला र दलित समेत तीन जना" लाई "कार्यपालिका सदस्यहरु मध्येवाट महिला र दलित समेत चार जना" हुने गरि संशोधन गरिएको छ ।**

**३. मुल ऐनको दफा १० (१) को खण्ड (ज) मा यस अघि भएको "सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका एकजना महिला सहित दुइ जना" लाई "समुदयिक विद्यालयक प्रधानाध्यापकहरु मध्यबाट एक जना महिला सहित दुइ जना तथा संस्थागत विद्यालयका संस्थापकहरु मध्येबाट एक जना सहित नगर शिक्षा समितिले मनोनित गरेक तीन जना" हुने गरि संशोधन गरिएको छ ।**







**आज्ञाले**
**भक्त बहादुर मल्ल**
**प्रमुख प्रशासकीय अधिकृत**